# नेपाल राष्ट्र बैंक
## वीरगञ्ज कार्यालय
## वीरगञ्ज, पर्सा

**तोडाचलानका लागि सवारी साधन (बस, ट्रक तथा जीप) भाडामा लिने बारेको पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१२)**

**(पुनः प्रकाशित मिति : २०८१/०५/२८)**

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोटकोष/भा.रु. कोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरुमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरुमा तोडाचलान (Fund Transfer) कार्यको लागि आवश्यक परेको बखत सवारी साधन (बस, ट्रक तथा जीप) भाडामा लिनुपर्ने भएकाले सम्झौता भएको मितिबाट शुरु भई मिति २०८२ असार मसान्तसम्मका लागि सवारी साधन (बस, ट्रक तथा जीप) भाडामा दिन इच्छुक कालोसूचीमा नपरेका फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही यस अघि पेश भएका प्रस्तावहरुलाई कायम राखी पुनः सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको वीरगञ्ज कार्यालयबाट पछि फिर्ता नहुने गरि रु. १,०००।०० (अक्षरेपी एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य आम्दानी हिसाब (१७०००००/०३०/०१२/५२४) मा मिति २०८१/०६/०४ गते दिउँसो १२:०० बजेभित्र नगद जम्मा गरी यस बैंकको वीरगञ्ज कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिन मिति २०८१/०६/०४ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १:०० बजेभित्र यस बैंकको वीरगञ्ज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरीसक्नु पर्नेछ । यस कार्यालयबाट खरिद गरेको आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

३. यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिन मिति २०८१/०६/०४ गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको वीरगञ्ज कार्यालयमा दरभाउपत्र खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. सिलबन्दी दरभाउपत्रका साथ बिड जमानत वापत रु २५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स धरौटी हिसाब (१७०९९९९/०११/००४/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकवाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौ संशोधन, २०७९ समेत) मा उल्लेख भए बमोजिम हुनेछ ।

६. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं ०५१ ५९११६६ एक्स्टेन्सन ११४) मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

७. यो सुचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ ।